**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 26.12.2024**

---

***PM Veer Bal Diwas***

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, विश्वले युवा शक्तिका लागि भारततर्फ आशा र आकांक्ष लिएर भारततर्फ हेरिरहेछ।

नयाँ दिल्लीको भारत मंडपममा आज रास्ट्रब्यापी उत्सव बीर बाल दिवस कार्यक्रमलाई सम्वोधन गर्दै श्री मोदीले भन्नुभयो सरकारका नीतिहरूमा सर्वाधिक ध्यान युवाहरूको सशक्तिकरणमा दिइँदैछ।

उहाँले भन्नुभयो स्टार्टअप इको सिस्टम अन्तरिक्ष अर्थव्यवस्था, खेल, विनिर्माण योजनाहरू, सबै कार्यक्रमहरूलाई युवा केन्द्रित बनाइएको छ र यसको लक्ष्य उनीहरूलाई लाभान्वित गराउनु हो।

2022 सालमा प्रधानमन्त्रीले 26 दिसम्बरको दिनलाई बीर बाल दिवसको रूपमा मनाउने घोषणा गर्नुभएको थियो। यो दिवस शुरू गोबिन्द सिंहका चारैजना साहोवजादाहरूको साहस र बलिदानको सम्मानमा मनाइन्छ।

यस अवसरमा प्रधानमन्त्रीले 'सुपोषित ग्राम पञ्चायत' अभियानको पनि शुभारम्भ गर्नुभयो।

यस अभियानको उद्देश्य पोषण सम्वन्धी सेवाहरूलाई सुदृढ़तापूर्वक लागू गर्नु र यस कार्यमा मानिसहरूको सहभागिता सुनिश्चित गरेर पोषण व्यवस्थालाई बलियो बनाउनु हो।

---

***President Bal Puraskar***

रास्ट्रपति श्रीमती द्रौपदी मुर्मुले आज बीर बाल दिवसको अवसरमा असाधारण उपलब्धिहरूका लागि सत्रजना नानीहरूलाई प्रधानमन्त्री रास्ट्रिय बाल पुरस्कारले सम्मानित गर्नुभयो। यी नानीहरूलाई कलासंस्कृति. बहादुरी, नवाचार, विज्ञान तथा प्रौद्योगिकी, सामाजिक सेवा खेल र पर्यावरणको क्षेत्रमा विशिष्ट उपलब्धिका लागि सम्मानित गरियो। पुरस्कार प्राप्त गर्ने नानीहरूलाई बधाई दिँदै श्रीमती मुर्मुले भन्नुभयो उनीहरूको उपलब्धिले देशका सबै नागरिकहरूलाई प्रेरित गर्नेछ। उहाँले भन्नुभयो नानीहरूको प्रतिभालाई चिन्नु र अवसर प्रदान गर्नु देशको परम्पराको हिस्सा हो।_यसैवीच पूर्वोत्तर क्षेत्रबाट मेघालयको माउलाङ्गविर गाउँका किसेन वानियाङ्गलाई उदाहरणीय साहसिक कार्यका लागि प्रधानमन्त्री रास्ट्रिय बाल पुरस्कार प्रदान गरियो। उनले भारी वर्षाको समयमा मावेत्सार नदीबाट नौदेखि बाह्वर्षसम्मका चारजना नानीहरूको उध्दार गरेका थिए।

***Veer Baal Diwas Sikkim***

यता राज्यमा पनि बीर बाल दिवस पालन गरियो। महिला तथा बाल विकास विभागको जिल्ला बाल सुरक्षा इकाईद्वारा नाम्ची जिल्लाका बाल हेरचाह संस्थानहरूमा आयोजित कार्यक्रममा राखिएका विभिन्न प्रतियोहिताहरूमा अस्सीजना भन्दा धेरै बालबालिकाहरू सहभागी बने। बाल बालिकाहरूलाई उनीहरूको प्रतिभा दर्शाउनका लागि मञ्च उपलब्ध गराउने र प्रतिस्पर्धाको भावना जगाउने उद्देश्यले निबन्ध, चित्रकला, कविता लेखन, नृत्य, कथा वाचन र तर्क प्रतियोगिता आयोजन गरिएको थियो।

***TB Meeting***

क्षयरोग उन्मूलन कार्यक्रम सम्बन्धमा सय दिने लामो अभियानमाथि एउटा बैठक सोरेङमा आज बस्यो। यसको अध्यक्षता गर्दै जिल्लाधीश श्री धीरज सुबेदीले अभियानको उद्देश्यबारे प्रकाश पार्नुभयो। उहाँले जिल्लामा क्षयरोगका सक्रिय मामिलाहरूको आकडा र नि:क्षय मित्रहरूद्वारा उपलब्ध गराइएको सहयोगबारे जानकारी लिनुभयो। बेठकमा क्षयरोग उन्मूलनका लागि जागरूकता कार्यक्रमहरू र प्राथमिक स्वास्थय केन्द्र तथा उकेन्द्रहरूका क्रियाकलापहरू अनि सचल चिकित्सा इकाइ वाहनहरूबारे अवगत गराइयो।

***Disabled Camp***

राज्य सरकारको महिला तथा बाल बिकास विभागले गान्तोक जिल्लाका लागि सिङताम जिल्ला अस्पतालमा आज ब्यापक दिब्याङ्ग शिविर आयोजित गरयो। दिब्याङ्गनजनलाई महत्वपूर्ण सेवा तथा सहयोग प्रदान गर्ने उद्देश्यले यसको आयोजना गरिएको थियो। शिविरसा उनीहरूको जाँच, पञ्जीकरण र अद्रितीय विकलाङ्गता परिचय पत्र प्रमाणीकरण गरियो। यसमा सबै पाँच प्रखण्ड प्रशासनिक केन्द्र, ग्राम पञ्चायत इकाई र गान्तोक नगर निगमका लाभार्थीहरू सहभागी बने।

***Festival***

भुटिया लेप्चा समुदायको प्रमुख पर्व लोसुङ र नामसुङ अहिले राज्यका विभिन्न स्थानमा सार्वजनिक रूपमा पालन गरिँदैछ। आउँदो सप्ताह यो पर्व मूल रूपमा समुदायका घरघरमा पालन गरिनेछ। मानेबुङ देन्ताम निर्वाचन क्षेत्रको लोवर मा अहिले नाम आल नाम्सुङको भब्य समारोह आयोजना गरिएको छ। यसमा बोल्दै सिक्किम क्रान्तिकारी मोर्चा SKM पार्टीका प्रवक्ता श्री कृष्ण लोप्चाले, नामसुङ पर्वले सिक्किमका सबै जाति तथा समुदायमाझ एकता र सदभावना बढ़ाउने कुरो बताउनुभयो। आज, फुटबल म्याच, विभिन्न समूहका सांस्कृतिक नृत्य र गायन, समारोहका अन्य आकर्षण थिए।

***Gram Sabha***

गेजिङ जिल्लाको देन्ताम खण्ड विकास कार्यलय अन्तर्गत सर्दोङ लुङजिङ ग्राम पञ्चायत इकाइमा आज ग्रामसभा बस्यो। पञ्तायत समापति श्री राजेन गुरूङले अध्यक्षता गर्नुभएको सभामा ग्रामीण विकासका लागि विभिन्न योजनाका प्रसातावहरू राखियो। यसवाहेक ग्रामसभामा आवश्यक कागजपत्र तयार पार्ने काम, नागरिकहरूको स्वास्थ्य सुविधा र आवश्यक सेवा सम्वन्धमा पनि चर्चा भयो।

***Snowfall Advisory***

राज्यमा जाड़ो सँगसँगै हिउँपर्ने समय नजीक आइरहेकोले चालक र पर्यटकहरूका लागि शेराथाङ पुलिस थानाले महत्वपूर्ण दिशानिर्देश जारी गरेको छ। परामर्शमा जनाइए अनुसार पर्यटकहरूको सुरक्षालाई जनाइए अनुसार पर्यटकहरूको सुरक्षालाई ध्यानमा राखेर चालकहरूले अग्रिम रूपमा परिमिट लिएको हुनुपर्छ।

वाहनहरूले बिहान दसबजेर तीस मीनटसम्ममा तीन माइल जाँच चौकीमा पुग्नुपर्नेछ अनि साँझ पाँच बजी भित्रमा त्यहाँबाट निस्किनुपर्नेछ। सबै वाहनहरूले आपतकालीन उपकरणहरू बोर्नुपर्ने जनाउँदै tyre chain राख्न अनिवार्य गरिएको छ।